# १४ क्रुसमा गौरव गर्नु

*<u>यस अध्यायका मूल पदहरू:</u>* गलाती ६:११-१८, रोमी ६:१-६, १२:१-८, २ कोरन्थी ४:१०,५:१७ र ११:२३-२९।

**<u>*यस अध्यायको मूल सार पद*</u> :"हाम्रा प्रभु येशू ख्रीष्टको क्रुस बाहेक अरू कुनै कुरामाथि गौरब गर्ने कुरा मबाट पर रहोस्। ख्रीष्टको क्रुसले गर्दा नै संसार मेरो निम्ति क्रुसमा टाँगिएको छ, र संसारको निम्ति म क्रुसमा टाँगिएको छु।" (गलाती ६:१४ रूपान्तरित)।**

गलातीको पत्रको अध्ययन अत्यन्त गहिरो छ। यो किनभने समसामयीक विषयमा आधारित भएकोले गहिरो हुन गएकोछ। पावललाई आफ्नो धर्म वा कर्तव्य के हो सो थाहा थियो। उनले जे प्रचार गरे त्यसको सत्यता उनलाई थाहा थियो (सत्य परमेश्वरबाट आएको हो भनेर उनले धेरै पल्ट भनेका छन्)। पुरानो करारका अगमवक्ताहरूले जुन जोश र प्रेरणाले प्रचार गरेका थिए, त्यही जोश र प्रेरणाले उनले प्रचार गरेका थिए। उनका अगमवक्ता यशैया, यर्मिया र होशे जस्ताका जोशहरू थिए। आफ्ना पापहरूबाट फर्क भनेर पुरानो करारका अगमवक्ताहरूले त्यस समयका मानिसहरूलाई हार्दिक अनुरोध गरेका थिए।अब पावलले पनि आफ्नो समयका मानिसहरूलाई त्यहि अनुरोध गरिरहेको पाइन्छ।

पुरानो करारको समयका परिस्थितिहरू फरक होला। तर अन्तमा यर्मियाका वचनहरू गलातीका विश्वासीहरूलाई पनि सजिलोसँग लागु हुनसक्थ्यो जुन् यर्मियाको समयमा भएका थिए: "२३ परमप्रभु यसो भन्नुहुन्छः "बुद्धिमान्मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस्, अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, २४ तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोस्: 'म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु," परमप्रभु भन्नुहुन्छ।

येशूको क्रुसको सामु हामीहरूको अत्यन्त गौरबमय बुद्धिज्ञान, हामीहरूको धनसम्पत्ति र बलहरू र सबै उपलब्धीहरू बेकार र अर्थहीन हुन आउँछ। परमेश्वरलाई त्यागेर गलत बाटोमा हिंडिरहेका गलातीका विश्वासीहरूलाई पनि त्यही विषयमा ध्यान दिइयोस् भनेर पावलले चाहेका थिए।

## १. आफ्नै हातले पावलले पत्र लेख्छन्

पत्रको अन्तमा केही महत्त्वपूर्ण शब्दहरू राख्ने पावलको चलन छ। त्यही चलन पावलले गलाती ६:११-१८मा पनि देखाइएको छ। उनको अरू पत्रहरूको अन्तिम वचनहरू र गलातीमा उल्लेख गरेका वचनहरूमा केही समान र भिन्नता छन्। गलाती ६:११-१८ हेर्नुहोस्: "११ हेर, म कति ठूला-ठूला अक्षरहरूले आफ्नै हातले तिमीहरूलाई लेखिरहेछु। १२ ख्रीष्टका क्रूसको कारणले सतावटमा नपरून्भनी बाहिर तवरले सब ठीक देखिन चाहनेहरूले नै तिमीहरूलाई खतना लिन कर लाउँछन्। १३ किनकि खतना लिनेहरू आफै पनि व्यवस्था पालन गर्दैनन्, तर तिमीहरूको शरीरमा घमण्ड गर्नको निम्ति तिमीहरूले खतना लिएको तिनीहरू चाहन्छन्। १४ हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि, र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ। १५ न त खतनाको केही महत्त्व छ, न बेखतनाको, तर नयाँ सृष्टि नै सब थोक हो। १६ अब जो-जति यस नियममा चल्दछन्, तिनीहरूमाथि र परमेश्वरका इस्राएल जातिमाथि शान्ति र कृपा रहोस्। १७ अबदेखि उसो कसैले मलाई कष्ट नदेओस्, किनभने म आफ्नो शरीरमा येशूका डामहरू धारण गर्दछु। १८ भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूको आत्मासँग रहोस्। आमेन।" ती पदहरूसँग देहायका पत्रका अन्ति पदहरू पनि पढ्नुहोस्: रोमीहरूलाई लेखेको पत्र, १ र २ कोरन्थी, एफिसी, फिलिप्पीहरूलाई, कलस्सीहरूलाई र १ र २ थेस्सोलिनिकीहरूलाई।

सबै पत्रहरूको अन्तमा पावलले एकै खालका वचनहरू लेखेर अन्त गरेको पाइन्दैन। तर कतिपय साझा तत्वहरू सबै पत्रहरूको अन्तमा देखिएका छन्: (१) नाउँ नै तोकेर केही विशेष विश्वासीहरूलाई अभिवादन गर्ने (२) अन्तिम उत्साहका वचनहरू (३) व्यक्तिगत हस्ताक्षर र (४) अन्तिम आशिर्वचन। अरू पत्रहरूमा जस्तै पावलले गलातीको पत्रको अन्तमा केही वचनहरू मिलेतापनि त्यसमा अरूभन्दा खास दुई महत्त्वपूर्ण फरक कुराहरू देखा परेको पाइन्छ।

पहिलोत: अरू पावलको अरू पत्रहरूमा जस्तै गलातीको पत्रमा कुनै व्यक्तिको नाउँ उल्लेख गरेर विदाइ अभिवादन गरेको छैन। कित त? पत्रको सुरूमा परम्परागत रूपमा धन्यवाद दिने चलन उल्लेख नगर्दा पावल र गलातीका विश्वासीहरूको बीचमा केही तनावपूर्ण सम्बन्ध थियो भनेर महसुस गर्न सकिन्छ। पावलले भद्र त हुन्छन् तर केवल औपचारिकतामा मात्र।

दोस्रोमा, कसैलाई पत्र पठाउनुछ भने पावलले अरूहरूलाई लेख्न लगाउँथ्यो (रोमी १६:२२)। अनि उनले भनेको अनुसार अरूले पत्र लेखेपछि उनी

आफैले कलम लिएर केही छोटो कुरा लेखेर पत्रलाई अन्त गर्दथे (१ कोरन्थी १६:२१)। तर गलातीहरूलाई लेखेको पत्रमा उनले त्यो चलन अपनाइएको थिएन। जब लेखनदासले पत्र लेखिसिधिन्छ तब पावलले उसको हातबाट कलम लिन्छन् र गलातीमा भएको परिस्थितिलाई चिन्ता व्यक्त गर्दै अझ धेरै कुराहरू लेखेर पत्रलाई अन्त गर्दछन्। आफ्ना मूर्खताहरूबाट फर्किन गलातीहरूलाई फेरि पनि बिन्ति गर्दै नलेखिकन आफ्नो पत्र अन्त गर्न नसकेको पावलले देखाउँदछन्।

ठूला ठूला अक्षरहरूले लेखें भनेर पावलले गलाती ६:११मा जोड दिएर लेख्दछन्। त्यसरी उनले किन लेखे भन्ने कुरालाई वास्तविक रूपमा हामीलाई थाहा छैन। पावलले पत्रको आकारको बारेमा चर्चा गरेको होइन तर नराम्रोसँग लेख्नुपरेकोको बारेमा टिप्पणी गरेका हुन् भनेर कसैले अनुमान गर्छन्। सतावटको कारणले अनेकौं पिटाइ खानुपरेको थियो त्यसले गर्दा उनको हातका औंलाहरू खुम्चिएको हुनुपर्छ वा पाल बनाउने क्रममा उनको हात बिग्रेको हुनुपर्छ भनेर पनि तिनीहरूले सोच्दछन्। उनको आँखाको कमजोरीले गर्दा त्यसरी लेखेका हुन् भनेर कसैले विश्वास पनि गर्दछन्। तर आफ्ना भनाईहरूलाई विश्वासीहरूको हृदयमा गाभियोस् भनेर जानाजानी पावलले त्यो लेखेको हुनुपर्छ भनेर हामी निष्कर्ष निकाल्न सक्छौं। जसरी हामीले पनि कुनै महत्त्वपूर्ण कुरा लेख्दा जोड दिनु पर्‍यो भने कि त अक्षरहरूको मुनि धर्को तान्छौं वा ठूला ठूला अक्षरहरू लेख्छौं वा तेर्सो गरेर लेख्छौं वा रातो कलमले चिन्ह लगाउँछौं।

जुनसुकै कारणहरू भएतापनि आफ्ना पाठकहरूले आफूले दिएको निर्देशन र चेतावनीहरूलाई वेवास्ता नगर्न पावलले जिकिर गरेका थिए भनेर हामी भन्न सक्दछौं।

## २ आफ्नो शरीरमा गर्व

**गलाती ६:१२,१३मा पावलले के भनिरहेका छन्? हेर्नुहोस्: "१२ बाहिरी देखावटी कुरा चाहनेहरूले नै खतना चाहिन्छ भनी तिमीहरूलाई कर लाउँछन्। यो कुरो उनीहरू क्रूसमा दिएको ख्रीष्टको बलिदानले गर्दा खेदो आइनपरोस् भनेर जोगिनलाई मात्र भन्दछन्। १३ खतना लिनेहरू आफैं पनि व्यवस्थाले भनेझैं गर्दैनन्। तर खतनाको रीति पालन गर्न लाग्यौं भनी घमण्ड गर्न मात्र उनीहरू तिमीहरूलाई गर्न लगाउँछन्। १४ तर मचाहिँ अरू कुरामा होइन, येशू ख्रीष्टको क्रूसमा मात्र घमण्ड गर्छु। उहाँको क्रूसले गर्दा मेरो लागि संसार मरेको छ र संसारको लागि म मरेको छु।"**

पावलका बैरीहरूले उनको बिरुद्धमा के नियत र चालबाजी गरिरहेका थिए भनेर पहिला नै इङ्गित गरिसकेको छ (गलाती १:७ ,गलाती ४:१)। तर ती येशूको सुसमाचारलाई खलबलाउने नकावधारी यहूदी-इसाईहरूको बारेमा पावलले के धारणा राखेको रहेछ भनेर स्पष्ट रूपमा गलाती ६:१२,१३मा उनले गरेको टिप्पणीले देखाउँछ। ती मानिसहरू कस्ता थिए भनेर हाकाहाकी पावलले भनेको यो पहिलो स्पष्ट उदाहारण हो। त्यस्ता मानिसहरू आफू कति राम्रो छ भनेर शरीरबाट देखाउन चाहन्छ भनेर पावलले तिनीहरूको भण्डाफोर गर्दछन्। “बाहिर तवरले सब ठीक देखाउन चाहने "भन्ने ग्रीक भाषामा “मुकुण्डो "वा “असल देखावटी वा बनावटी अनुहार " अर्थ लाग्छ। ग्रीक सभ्यताको समयमा जब मानिसहरू नाटक गर्दथे तब कलाकारहरूले मुकुण्डो लगाउँदथे (नेपालको धार्मिक परिप्रेक्ष्यमा त यो झन चालु नै छ)। ती नकावधारी इसाईहरूले केवल नाटकमात्र रचेका हुन् भनेर पावलले भन्न खोजिरहेको पाइन्छ। अझ खुलस्त रूपमा भन्ने हो भने ती मानिसहरूका नाटकहरू यस्ता छन् कि दर्शकहरूले तिनीहरूलाई ताली बजाएर प्रशंसा गरुन् भनि तिनीहरू चाहन्छन्। जुन समाजमा सम्मान र लाजले ठाउँ जमाउँछ ,त्यहाँ तारिफले मानिसको मनलाई फुलाउँछ र आफूलाई मानिसले कतिको मन पराउँदछ भन्ने कुरामा गौरब गर्दछ। गलत तर्कहरू प्रस्तुत गरेर गलातीका इसाईहरूलाई भड्काउन खोज्ने नकावधारी इसाईहरू यस्ता छन् कि तिनीहरूले गलातीका यहूदी र येरुशलेमका यहूदी इसाईहरूबाट श्यावासी पाउन आत्तुर भएका थिए भनेर पावलको पत्रले आभास दिइन्छ।

देखावति वा नौतङ्गी रचेका पावलका बिरोधीहरू कस्ता थिए भनेर देखाउन उनले एक महत्त्वपूर्ण कुरालाई औंल्याउँछ। अरू मानिसको आलोचना र सतावट तिनीहरूले चाहेका थिएनन्। येशूलाई विश्वास गरेर दुःख पाइने हुँदा त्यसलाई छल्न नकावधारी इसाईहरूले खतना गर्ने गरेका थिए। हलका रूपमा सतावट भएतापनि मानिसहरूको बीचमा त्यसले त्रास फैलाउँछ। पावललाई यो कुरो अरूलाई भन्दा राम्री थाहा थियो। आफ्नो जीवन येशू ख्रीष्टलाई सुम्पनु भन्दा अघि पावल आफै पनि र यहूदाका अरू कट्टर यहूदीहरूले इसाईहरूप्रति हिंसात्मक व्यवहार गरेका थिए )गलाती १:१३(। तर हल्का धम्कीले पनि भर्खरका विश्वासीहरूको मनमा नकारात्मक प्रभाव पार्ने स्वभाविकै हो।

यहूदी धार्मिक अगुवाहरूको बलियो राजनैतिक प्रभाव धेरै क्षेत्रहरूमा अझै थियो। तिनीहरूको क्रियाकलापमा रोमको आधिकारिक समर्थन थियो। त्यसकारण धेरै यहूदी इसाईहरूले ती अगुवाहरूसँग राम्रै सम्वन्ध राख्न उत्सुक थिए। गैर-यहूदीहरूलाई खतना गराएर र मोशाको व्यवस्थालाई पालन गर्न लगाएर ती मुकुटधारी यहूदी-इसाईहरूले स्थानिय यहूदीहरूसँग सुमधुर सम्वन्ध

राख्न सक्थे। यसरी यहूदी उपासना धर्मस्थल अर्थात् सिनिगगका सदस्यहरूको स्यावाशी पनि तिनीहरूले पाउन्थे। तर गलातीका यहूदी-विश्वासीहरूले येरुशलेमका यहूदी विश्वासीहरूलाई विश्वस्त तुल्याउन सकेका थिएनन्। किनभने गलातीका गैर-यहूदीहरूको बीचमा गरिएको तिनीहरूको कामप्रति तिनीहरू सशङ्कित थिए )प्रेरित २१:२०,२१(। यद्यपि ,तिनीहरूको क्रियाकलापले यहूदीहरूको माझमा प्रचार गर्न पनि सजिलो हुनसकेको हुनुपर्छ।

तर पावलले आफ्नो प्रतिवद्धता स्पष्ट रूपमा व्यक्त गर्दछन्। उनले भन्दछन् कि “सबै जो येशू ख्रीष्टमा धार्मिक जीवन बिताउन चाहन्छ तिनीहरूले सतावट भोग्नुपर्नेछ।) "२ तिमोथी ३:१२(।

**नकावधारी यहूदी-इसाईहरूले गलत शिक्षा किन दिइरहेका थिए ,त्यसको बारेम सोच्नुहोस्। हेर्दा ठिकै जस्तो लाग्छ ,लाग्दैन त ?तर कुनै तर्क जतिसुकै राम्रै देखिएतापनि यदि हामी चनाखो भएनौं भने हामी चिप्लिन सक्छौं भन्ने कुरालाई हामी बिर्सनुहुन्न। ठीक भनेर तपाईंले गलत काम तपाईंले पछिल्लो पटक कहिले गर्नुभएको छ?**

## ३. क्रुसमा गौरब गर्नु (गलाती ६:१४)

**“१४ तर मचाहिँ अरू कुरामा गौरब गर्न चाहँदिन, बरू येशू ख्रीष्टको क्रूसमा मात्र गर्व वा घमण्ड गर्छु। उहाँको क्रूसले गर्दा मेरो लागि संसार मरेको छ र संसारको लागि म मरेको छु।" गलाती ६:१४**

कतिपय इसाईहरूले करद्वारा खतना गर्न वाध्य भएका थिए भनेर पावलले खुलाएका थिए। अब अन्तिम पटक छोटो नै भएपनि आफ्नो सुसमाचारको सन्देश गलातीहरूको सामु पावलले प्रस्तुत गर्दछन्। पावलको निम्ति सुसमाचार दुई महत्त्वपूर्ण नीतिहरूमा आधारित थिए) :१ (सबै थोकको केन्द्रविन्दु क्रुस हो पद २ (विश्वासद्वारा निर्दोष ठहरिने शिक्षा। यस बुँदामा हामी पहिलो नीतिको बारेमा अध्ययन गर्नेछौं।

हुन त हामी एक्काइसौं शताव्दिमा छौं। त्यसकारण क्रुसको बारेमा पावलले गरिएको टिप्पणीप्रति कसैलाई धक्का नै लाग्ला वा बुझ्न कठिन पनि हुनसक्दछ )गलाती ६:१४(। आज धेरै मानिसले येशूको क्रुसलाई आदरणीय प्रतीकको रूपमा लिइन्छ। तर पावलको समयमा क्रुसप्रति गौरब गर्ने कुनै कुरा थिएन किनभने सबैले यसलाई घृणा गर्दथ्यो। क्रुसमा टाँगिएको मसिहप्रति यहूदीहरूले विश्वास गर्न चाहेका थिएनन्। )यसैले गर्दा तिनीहरूको निम्ति येशू वाक्क बन्न पुग्नुभएको थियो र अहिले पनि छन्(। रोमीहरूको निम्ति पनि क्रुस अत्यन्त घृणालाग्दो थियो। कुनै पनि रोमी नागरिकलाई क्रुसमा टाँगेर सजायँ गर्न तिनीहरूले इन्कार गर्दथे।

बाइबलको समयमा मानिसहरूले येशूको क्रुसप्रति कति घृणा गरेका थिए भनेर त्यस समयको चित्रहरूले स्पष्ट रूपमा देखाउँदछन्। दोश्रो शताव्दीमा कोरेको एक चित्र भेट्टाइएको छ। त्यस चित्रमा क्रुसमा टाँगिएको एक जना मानिस देखाउँछ। तर त्यो मानिसको टाउको गधाको थियो। त्यस चित्रको मुनी एक जना मानिसको चित्र थियो जसले हात उठाएर पूजा गरिरहेको थियो। त्यस चित्रको मुनी यसरी लेखेको पाइन्छ ,"अलेक्जान्दरले उसको देवतालाई पूजा गर्दछ। "सन्देश स्पष्ट छ :ख्रीष्टको क्रुस मानिसहरूको निम्ति वाक्क लाग्दो वा घृणास्पद थियो। अब यस सन्दर्भमा निडर भएर पावलले ख्रीष्टको क्रुस बाहेक अरू उसलाई केहि थाहा छैन भन्दा उनको भनाइलाई सबैलाई स्तम्भित र अचम्मित पार्ने स्वभाविकै हो।

ख्रीष्टको क्रुसले गर्दा संसारको मामिलासँग पावलको सम्वन्ध कस्तो थियो ? हेर्नुहोस्ः गलाती ६:१४ " तर मचाहिँ अरू कुरामा होइन, येशू ख्रीष्टको क्रूसमा मात्र घमण्ड गर्छु। उहाँको क्रूसले गर्दा मेरो लागि संसार मरेको छ र संसारको लागि म मरेको छु।", रोमी ६:१-१४ " १ त्यसो भए हामीले के भन्ने? के परमेश्वरको अनुग्रह धेरै पाइरहन हामी पाप गरिरहौं त? २ अहँ, त्यसो गर्नुहुँदैन। पापको लागि त हामी मुर्दा हौं, मुर्दा कसरी अब पाप गरेर जिउन सक्छ? ३ तिमीहरूलाई थाहै छ, हामीले ख्रीष्टमा बप्तिस्मा पाउँदा उहाँसँगै एक भएर मर्‍यौं। ४ हामी पनि उहाँसँगै बप्तिस्माद्वारा मरेर गाडियौं। शक्तिशाली परमेश्वर पिताले आफ्नो महिमाद्वारा येशू ख्रीष्टलाई मरेकोबाट बिउँताउनुभयो। त्यसो हुँदा हामी पनि पुरानो जीवन छोडेर नयाँ जीवनमा ख्रीष्टजस्तै जिउनेछौं। ५ किनभने उहाँको मृत्युमा हामी एक भयौं भने उहाँसँगै मरेकोबाट बिउँतिदा पनि एक हुनेछौं। ६ हामीलाई यो थाहा छ, पापले राज्य गरेको जीवन नाश होस् र हामी पापको कैदी भइरहनुनपरोस् भनेर हाम्रो पुरानो जीवन ख्रीष्टसँगै क्रूसमा मारिएको छ ७ किनभने मरिसकेको मानिस पापको कैदबाट छुटेको हुन्छ। ८ ख्रीष्टसँगै मर्‍यौं भने उहाँसँगै बाँच्ने पनि छौं भनेर हामी विश्वास गर्दछौं ९ किनभने हामीलाई थाहा छ, ख्रीष्ट मरेर पनि फेरि बिउँतनुभएको छ। अब उहाँ कहिल्यै मर्नुहुनेछैन, उहाँमाथि मृत्युको कुनै शक्ति चल्दैन। १० पापको लेखि ख्रीष्ट एक पल्ट मर्नुभएकोले उहाँमाथि पापको पनि कुनै शक्ति चल्दैन अनि परमेश्वरको निम्ति उहाँ सधैंभरि बाँच्नुहुन्छ। ११ त्यसरी नै तिमीहरूले पनि आ-आँफूलाई पापको लागि मरेको तर परमेश्वरको लागि ख्रीष्ट येशूसँगै बाँचेको सम्झिनुपर्छ। १२ यसकारण आफ्नो मरणशील शरीरमा फेरि पापले राज्य गर्न नपाओस्। १३ कुनै पनि आफ्ना अङ्ग दुष्ट काम गर्न पापलाई नचढाओ। तर मरेर पनि फेरि असल कामको लागि जिउने मानिसहरूजस्तै आफ्नो पूरै जीवन परमेश्वरकहाँ चढाओ र आफ्ना अङ्ग असल

काम गर्न उहाँलाई चढाओ। १४ पापले तिमीहरूमाथि राज गर्नेछैन किनभने तिमीहरू व्यवस्थाको अधीनमा होइन तर अनुग्रहको अधीनमा छौ।" , रोमी १२:१-८ " १ मेरा प्यारा दाजुभाइहरू, परमेश्वरको धेरै दया तिमीहरूमाथि भएको छ। त्यसैले आफ्नै शरीर पवित्र र परमेश्वरलाई मनपर्दो जिउँदो बलिदान बनाएर परमेश्वरको सेवा गर्न उहाँको सामु चढाओ भनेर म तिमीहरूलाई बिन्ती गर्दछु। तिमीहरूको आत्माले गर्नुपर्ने साँचो आराधना पनि यही नै हो। २ तिमीहरूले संसारका मानिसहरूका देखासिकी गरेर उनीहरूजस्तै हुने इच्छा नराख, अब आफ्नो मनमा नयाँ भई परिवर्तन होओ। त्यसो भए मात्र तिमीहरूले परमेश्वरको इच्छा के रहेछ, पत्ता लाउन सक्छौ अनि कुन कुरो असल छ, कुन कुरोले परमेश्वरलाई खुसी तुल्याउँछ अनि कुनचाहिँ कुरा पक्का हो, त्यो तिमीहरूलाई छर्लङ्ग थाहा हुन्छ। ३ परमेश्वरले मलाई अनुग्रह देखाउनुभएकोले म तिमीहरू सबैलाई भन्दै छु, आफूलाई ठूलो नठान तर परमेश्वरले दिनुभएको विश्वासको मात्राअनुसार आफू जस्ता छौ, त्यस्तै ठान। ४ हाम्रो शरीरमा धेरै अङ्गहरू भए पनि ती अङ्गहरूका बेग्लाबेग्लै काम छन्। ५ त्यसै गरी हामी धेरै भए पनि ख्रीष्टमा एउटै शरीर हौं र हामी सबै एक-अर्काका अङ्ग हौं। ६ यसकारण परमेश्वरले आफ्नो अनुग्रहले हामीलाई दिनुभएका बेग्लाबेग्लै दानअनुसार उहाँका कामहरू गरौं। परमेश्वरको तर्फबाट बोल्न सक्नेले आफ्नो विश्वासअनुसार उहाँकै तर्फबाट बोलौं। ७ सेवा गर्नेजतिले ठीकसँग सेवा गरौं, परमेश्वरका शिक्षा दिन सक्नेले आफ्नो विश्वासको मात्राअनुसार शिक्षा देओस्। ८ ठीक बाटोमा हिंड्न सल्लाह दिन सक्नेले सल्लाह देओस्। खाँचोमा परेकालाई दिनेले खुल्ला मनले देओस्। काम मिलाउनेले सक्दो चाँडै मिलाइहालोस् र दया देखाउनेले खुसीसाथ दया देखाओस्।" र फिलिप्पी ३:८ " यति मात्र होइन, येशू ख्रीष्ट मेरा प्रभु हुन् भन्ने अति बहुमूल्य ज्ञान पाएर अरू सब कुरा व्यर्थको ठान्छु। उहाँकै निम्ति मैले सबै कुरा त्यागिदिएको छु र उहाँलाई पाऊँ भनेर मैले यी सबै कुरा कसिङ्गर सम्झेको छु ।"

विश्वासीको जीवनमा ख्रीष्टको क्रुसले सबैथोक परिवर्तन गराउँदछ। आफ्नो बारेमा गरिने सोच र आफ्नो सम्वन्धमा पुनःविचार गर्न यसले चुनौति दिँदछ। हामी दुष्ट ,आतङ्कित ,हिँसात्मक र विधीविहिन समयमा बाँचिरहेकाछौं )१ यूहन्ना २:१६(। आजको संसार परमेश्वरको खिलाफमा उभीरहेकाछन्। हामी येशू ख्रीष्टसँग मरिसकेको हुनाले अब संसारले हामीलाई दास बनाउन सक्दैन। पहिला त हामी संसार अर्थात् पाप स्वभावका दास थियौं। बिगतमा बिताएका संसारको निम्ति पुरानो जीवनसँग हाम्रो सरोकार अब हुँदैन। यसको

अर्थ यो हो ,दुई संसारको बीचमा जुन सम्वन्ध तोडिएको छ ,मानौं ती दुई एक आपसको निम्ति मरिसकेकाछन्।

**संसारसँगको सम्वन्धमा क्रुसले तपाईंलाई के प्रभाव पारेको छ ?तपाईंको जीवनमा केहि भिन्नता के यसले ल्याएको छ त ?तपाईंको निम्ति क्रुसमा मर्नुहुने येशूलाई ग्रहण गर्नुभन्दा अघि र अहिले तपाईंको जीवनमा कस्तो परिवर्तनको महशुस गर्नुभएको छ?**

## ४. नयाँ सृष्टि वा पुनर्जन्म (गलाती ६:१५)

इसाई जीवनको निम्ति येशूको क्रुस अत्यन्त महत्त्वपूर्ण छ भनेर पावलले औंल्याएका थिए। अब उनले उनको सुसमाचारको दोश्रो नीतिलाई प्रस्तुत गर्दछन्ः विश्वासद्वारा निर्दोष ठहरिनु वा धर्मी ठहरिनु।

सुसमाचारले खतनाको आवश्यकतालाई निलम्वन गरिएको छ भनेर पावलले आफ्नो तर्क प्रस्तुत गरेको पुस्तकभरी हामीले अध्ययन गरिरहेका छौं। तर खतना आफैको बिरुद्धमा पावल लागेको त होइन )खतना स्वस्थकर बिधि हो भनेर आजका स्वास्थ्य बिज्ञानले नकारेको त छैन। यसले यौन रोगको विरुद्धमा प्रतिरक्षा गर्दछ। यहूदीहरू अहिले पनि खतना गर्दछन्। र कतिपय इसाहरूले पनि स्वास्थको कारण खतना गर्दछन्।-अनुवादकको खोजखबर(। तर धार्मिक कारणले खतना गर्नेको बिरोधमा पावलले कडा शब्दहरू व्यक्त गरेकाछन् )गलाती ५:२-४(। खतना गरिनेहरूलाई भन्दा खतना नगर्नेहरूलाई परमेश्वरले बेसी माया गर्नुहुन्छ भन्ने कसैले पनि नठानोस् भनेर पावल चाहेका थिए। खतना आफैको निम्ति पावलले सम्वोधन गर्न खोजेको होइन। कसैले एउटा रीतिथितिलाई मानेर कठ्ठर हुन्छ भने कसैले अर्कैलाई मानेर पनि अतिवादी हुनसक्छ। त्यसकारण समुच्च आध्यात्मिक रूपमा हेर्ने हो भने विवादको केन्द्रविन्दु खतना होइन। सत्य धर्म वा सत्य धार्मिक जीवन बाहिरिय संस्कार वा व्यवहारमा जरा गाडिएको हुन्दैन। बरू ,मानिसको हृदयको अवस्था सत्य र असत्य जीवनको जरा गाडिएको हुन्छ। येशू आफैले भन्नु भयो ,बाहिर हेर्दा कुनै व्यक्ति अत्यन्त असल र धर्मात्मा देखिन सक्छ तर भित्रीचाहिँ आत्मिक रूपमा कुहिएको हुन्छ )मत्ती २३:७(।

**येशू ख्रीष्टमा नयाँ रूप धारण गर्नु वा पुनर्जन्म अर्थात् पुनर्सृष्टि हुनु भनेको गलाती ६:१५ २ कोरन्थी ५:१७मा कसरी वाख्या गरिएको छ ?के तपाईंले पनि यो अनुभव गर्नुभएको छ? हेर्नुहोस्ः " खतना लाए पनि, नलाए पनि केही हुँदैन, तर नयाँ सृष्टि हुनुचाहिँ मुख्य कुरो हो।" (गलाती ६:१५) र " १७ यसकारण कुनै मानिस ख्रीष्टमा छ भने ऊ नयाँ सृष्टि हो। पुराना कुरा हराएर गए, हेर, अब सबै कुरा नयाँ भएका छन्। १८ यी सब गर्ने परमेश्वर नै**

**हुनुहुन्छ। उहाँले हामीलाई ख्रीष्टद्वारा उहाँसँग फेरि मेलमिलाप गराउनुभयो अनि अरूहरूलाई पनि उहाँसँग फेरि मेलमिलाप गराउने काम हामीलाई दिनुभयो। १९ येशू ख्रीष्टमा भएर परमेश्वरले सबै मानिसहरूलाई फेरि मेलमिलाप गराउँदै हुनुहुन्थ्यो। तिनीहरूका पापको कुनै हिसाब परमेश्वरले राख्नुभएको छैन। परमेश्वरले मानिसहरूसँग मेलमिलाप गर्नुहुन्छ भनी अरूहरूलाई बताउने काम उहाँले हामीलाई दिनुभएको छ।" (२ कोरन्थी ५:१७-१९)।**

ग्रीक भाषामा "सृष्टि"लाई ktisis क्टिसिस भनेर अनुवाद गरिएकोछ। यसको अर्थ व्यक्तिगत जीवित जीवात )हिब्रू ४:१३ (वा सारा सृष्टि गरिएको संसार आफै )रोमी ८:२२ (हुनसक्छ। जे भनिएतापनि सृष्टिकर्ताको कामलाई दुबैको अर्थले बताउँछ। पावलले भन्न खोजेको  बिषय यहि नै हो। चाहे खतना गरेर होस् वा नगरेर होस् कुनै मानिस आफूले आफूलाई वा अरूलाई कुनै पनि मानवीय प्रयासद्वारा नयाँ सृष्टि भएर सृजन सक्दैन। यो बदलाहतलाई येशूले "नयाँ जन्म "भनेर सम्वोधन गर्नुभएको छ )यूहन्ना ३:५-८(। यो परमेश्वरको काम हो। कोहि मानिस आत्मिक रूपमा मरेको छ भने उसलाई नयाँ आत्मिक सास फुकिदिएर नयाँ आत्मिक जीवन दिने काम परमेश्वरको हो। पावलले वर्णन गर्न खोजेको विश्वासद्वारा निर्दोष ठहरिनु भनेको के हो भनेर बुझाउन नयाँ जन्म भन्ने अर्को शब्दचित्रद्वारा उनले गलातीहरूलाई बुझाउन खोजेका थिए।

२ कोरन्थी ५:१७मा नयाँ सृष्टि वा नयाँ जन्म भनेको के हो भनेर पावलले राम्ररी वाख्या गरेका छन्। नयाँ सृष्टि वा नयाँ व्यक्ति हुनुभनेको केवल स्वर्गको लेखामा हाम्रो नाउँ स्वर्गमा लेखाउनु वा हामीहरूको स्थान स्वर्गमा सुरक्षित राख्नु  होइन भनेर पावलले वाख्या गर्न खोज्दछन् न त स्वर्ग गएपछिमात्र स्वर्गको अनुभूति पाउनु हो। यसले हालसालको जीवनमा नै परिवर्तन ल्याउनुपर्दछ। तिमोथी जर्जले यसबारे स्पष्ट पार्दन्  "यो आमूल परिवर्तन ल्याउने वा येशूतिर फर्किने प्रक्रिया हो :यहि प्रक्रियाद्वारा नै पवित्र आत्माले मानिसलाई पश्चाताप गर्न अग्रसर गराउँछ र विश्वासको बाटोमा अगाडि लान्छ। अनि पवित्र आत्माले नै त्यस व्यक्तिलाई पापप्रति सजग गराउनुहुन्छ र पवित्र जीवनको बिकास गर्न सघाउनुहुन्छ। यसले गर्दा त्यस व्यक्ति दिनदिनै पवित्र जीवन बिताउन प्रगतिमा लम्काउँदै येशू जस्तो हुन थाल्दछ।"-गलेशियनस् पृ. ४३८बाट रूपान्तरित।

तर याद गर्नुहोस् ,हामी यस संसारमा नयाँ हुन गएका छौं भन्दैमा हामीलाई धर्मात्मा वा पवित्र वा सिद्ध बनाउँदैन। तर यस परिवर्तनचाहिँ सिद्ध उदाहरण हो जसले निर्दोष साबित हुनु वा पापको क्षमा पाएर येशूमा धर्मी हुनु भनेको के हो भन्ने सबुद प्रमाण देखाउँदछ।

## ५. अन्तिम मन्तव्य (गलाती ६:१६-१८)

जसले त्यस नीतिलाई पछ्याउँछ पावलले त्यसलाई आशिर्वाद दिन्छन् गलाती ६:१५-१६। त्यस परिवेशमा हेर्दा कुन् नीति पावलले चर्चा गरिरहेका छन्? हेर्नुहोस्: " १५ खतना लाए पनि, नलाए पनि केही हुँदैन, तर नयाँ सृष्टि हुनुचाहिँ मुख्य कुरो हो। १६ यस कुरालाई जीवनमा पालन गर्ने जति र परमेश्वरका सबै जनमाथि शान्ति र दया रहोस्।"

नीति वा नियम "भन्ने शब्दलाई सिकर्मीले प्रयोग गर्ने नाप्ने फुट वा डकर्मीले पर्खाल बनाउँदा प्रयोग गर्ने धागोमा अनुवाद गरिन्छ। "नियम" भन्ने शब्दलाई पावलले शाङ्केतिक भाषामा पनि पावलले प्रयोग गर्दछ। कुनै मानिसले कुनै कुरा जाँच्नु परे वा मूल्याङ्कन गर्नु परे त्यसको लागि कुनै नीतिनियम हुनुपर्दछ जुन मापदण्डको रूपमा खडा भएको हुन्छ। जब मानिसहरूले नयाँ नियम क्यानन )canon) भन्दछन् ती नयाँ करारका २७ पुस्तकहरू हुन् जुन बाइबलका विद्वान तथा धर्मगुरूहरूले कायम गरेको प्रेरणाको मापदण्ड अनुसार जम्मा गरेका हुन्। चर्चले गरिने विश्वास अर्थात् दर्शन र व्यवहारमा लागु गरिने मापदण्ड भनेर ती पुस्तकहरूलाई सर्वसम्मतीबाट स्वीकार गरेका थिए। यसको अर्थ कुनै पनि धार्मिक शिक्षा वा विश्वास ती पुस्तकहरूसम्मत भएन भने ती शिक्षादीक्षा स्वीकारयोग्य हुँदैन।

"मेरो शरीरमा येशूका डाम वा छापहरू छन् "भनेर पावलले भनेका छन् )गलाती ६:१७(। पावलको शरीरमा के थियो ?"कसैले मलाई कष्ट नदेओस् "भनेको अर्थ के हो ?गलाती ६:१४ले त्यसको बारेमा कसरी उत्तर दिनसक्छ? गलाती ६:१७, " अब मलाई यस कुरामा कसैले दुःख नदेओस्। येशूको कमारो हुँ भनी देखाउने चोटका दागहरू मैले मेरो शरीरमा बोकेको छु।", गलाती ६:१४ " तर मचाहिँ अरू कुरामा होइन, येशू ख्रीष्टको क्रूसमा मात्र घमण्ड गर्छु। उहाँको क्रूसले गर्दा मेरो लागि संसार मरेको छ र संसारको लागि म मरेको छु।" २ कोरन्थी ४:१० " येशूको जीवन हाम्रा शरीरमा चम्काउन येशूको मृत्यु सधैं हाम्रै शरीरमा बोक्छौं।" र २ कोरन्थी ११:२२-३२ " २२ के तिनीहरू हिब्रू हुन्? म पनि हुँ। तिनीहरू इस्राएली हुन्? म पनि हुँ। के तिनीहरू अब्राहामका सन्तान हुन्? म पनि हुँ। २३ के तिनीहरू ख्रीष्टका सेवकहरू हुन्? म बौलाएको जस्तो बोल्दछु, तर तिनीहरूभन्दा म अझ असल सेवक हुँ। तिनीहरूले भन्दा मैले झन् धेरै मेहनत गरेको छु। कैयौं पटक म कैदमा परें, कोर्रा खाएँ अनि धेरै पटक कालको मुखमा पनि परें। २४ कोर्राको कुरा गर्दा पनि इस्राएलीको हातबाट पाँच पल्ट उनान्चालीस खेप मैले कोर्रा खाएर इस्राएलीहरूबाट ठूलो सजाय पाएँ। २५ तीन पल्ट मैले रोमीहरूको हातबाट कोर्रा खाएँ। एक पल्ट त मानिसहरूले ममाथि ढुङ्गा वर्षाए। तीन

**पल्टसम्म म चढेको जहाज नै भत्केर आपत्मा परें अनि एक दिन र एक रात त मैले पूरै पानीमा बिताउनुपर्‍यो। २६ मेरा धेरै यात्राहरूमा म झ्यालखानमा परें, डाकुहरूका हातमा परें, इस्राएली र अरू जातिका मानिसहरूबाट खतरामा परें। सहरमा, जङ्गलमा, समुद्रमा, नक्कली साथीहरूका बीचमा जताततै डरै-डर थियो। २७ मैले नसुती-नसुती दिलोज्यानले काम गरें र धेरै पसिना बगाएँ। कैयौं पटक भोक-भोकै बसें, तिर्खा सहनुपर्‍यो। खानु र पिउनु त्यसै रह्यो। लुगाफाटा नभई जाडामा कक्रिएँ पनि। २८ यति मात्रै दुःख होइन तर परमेश्वरका मण्डलीहरूका चिन्ता-फिक्रीले पनि मलाई सधैं सताइरहन्थ्यो। २९ कोही निर्धो छ भने म पनि निर्धो हुन्थें। कोही पापमा फस्यो भने मेरो मन पोल्थ्यो। ३० मैले घमण्ड गर्दा मेरो कमजोरी देखाउने कुराहरूमा नै म घमण्ड गर्दछु। ३१ म ढाँट्दिनँ भनेर त प्रभु येशूकै पिता सधैंभरिका पूज्य परमेश्वरलाई नै थाहा छ। ३२ म दमस्कसमा हुँदा मलाई पक्रनलाई अरितस राजाका बडा-हाकिमले घेर्न लगाए। ३३ तर एउटा पर्खालको झ्यालबाट मलाई डोकोमा राखेर भगाइदिए र म तिनको हातबाट उम्कें।"**

डाम वा छ्याप भन्ने शब्द ग्रीक भाषाको stigmata स्टिगमाटाबाट आएको हो। यहि शब्दबाट अङ्ग्रेजीमा stigma स्टिगमा भन्ने शब्द आएको हो। दासहरूलाई चिनारी गर्न उनीहरूको शरीरमा डाम लगाइदिन्थ्यो। पावलले पनि त्यहि प्रचलित चलनलाई उल्लेख गरेर आफूलाई पनि येशूको डाम लागेको छ भनेको हुनसक्छ। फेरि कुनै कुनै रहस्यमय धर्ममा पनि आफ्नो विश्वासको प्रतिवद्धता देखाउन आफ्नो शरीरमा केहि डाम लगाउने चलन थियो ,र अहिले पनि नभएको होइन। तर जे भएतापनि आफ्नो शरीरमा येशूको छ्याप छ भनेर पावलले उल्लेख गर्दा उनको शरीरमा भएका त्यस्ता नीलडामहरू थिए जुन् कि कष्ट र सतावटबाट पाएका थिए )२ कोरन्थी ४:१० ,२ कोरन्थी ११:२४-२७(। आफ्नो विश्वास यहूदी धर्ममा पनि छ भनेर देखाउन गैर-यहूदी इसाईहरूले खतना गर्नुपर्छ भनेर पावलका बैरीहरूले कर गरेका थिए। तर आफू येशूको सेवक हुँ भनेर देखाउन निल डाम लगाइ सकेको छ भनेर पावलले दावी गरेका थिइ। पावलको निम्ति ख्रीष्टमा बाहेक अरू निष्ठा कुनै पनि थिएन।....प्रभुको सेवामा लाग्दा पावलका शत्रुहरूले उनलाई मरनान्तसम्म गरेर पिटेका थिए। त्यहि कुटाईको डाम नै आफ्नो स्वामी ख्रीष्टमा कतिको बफादारी तथा समर्पित छु भनेर देखाउने पावलको निम्ति एक सुन्दर तथा उत्कृष्ट गवाही हुन पुगेको थियो।"-एलेन जी ह्वाइट ,टिप्पणी ,*द एसडिए बाइबल कमेन्टरी* ,ठेली ६ ,पृ. ९८९बाट रूपान्तरित।

**तपाईंले येशूलाई विश्वास गरेको हुनाले शरीरमा वा चित्तमा कस्ता खालका डामहरू तपाईंले पाउनुभएको छ ?स्पष्टमा भन्ने हो भने येशूलाई विश्वास गरेको कारणले तपाईंले कस्तो मूल्य चुकाउनु परेको थियो?**

## उपसंहारः

**थप जानकारी** :"कलभरीको क्रुस सबैको निम्ति चुनौतीको रूपमा खडा भइरहेको छ। अन्तमा यसले सबै दुष्ट र संसारका नारकिय शक्तिलाई नाश गरिदिनेछ। सारा प्रभाव क्रुसमै केन्द्रित हुनेछ र क्रुसैबाट सबै प्रभाव फैलिनेछ। विश्व तथा जगतका आकर्षणका महान् केन्द्रविन्दु क्रुस हो। यसैमा सारा मानव जातको निम्ति ख्रीष्टले जीवन अर्पण गर्नुभएकोले नै क्रुसको त्यो गरिमामय स्थिति पुगेको हो। सारा पुरुष ,महिला र बालबालिकाहरूलाई प्रारम्भिक सिद्धताको स्थितिमा ल्याउने उद्देष्य भएकोले नै ख्रीष्टले आफ्नो त्याग तथा बलिदान अर्पण गर्नुभएको थियो। हो ,मानिसको चरित्रमा आमूल परिवर्तन ल्याउन सहायता गर्न नै येशूले त्यस कदम चाल्नुभएको थियो। ख्रीष्टको क्रुसले मानिसलाई बिजयी यौद्धाभन्दा पनि बढि शक्तिशाली बनाउँछ।

" जो व्यक्तिहरू ख्रीष्टको शक्तिले परमेश्वर र मानवजातका महान् शत्रुमाथि विजयी हुन्छन् ,तिनीहरूले स्वर्गमा त्यस्तो विशिष्ट स्थान ओगट्नेछन् जुन कि कहिलै पनि पापमा नफसेको स्वर्गदूतहरू भन्दा उच्च छ।

" ख्रीष्टले भन्नुभयो ,—म जब संसारबाट उचालिने छु तब सबै मानिसहरू मेरो साथमा ल्याउनेछु )यूहन्ना १२:३२ रूपान्तरित(।' यदि क्रुसले आफ्नो पक्षमा प्रभाव दाल्दैन भने ,यसले प्रभाव सृजना गर्दछ। पुष्टौं पुष्टासम्मको यो सत्य समयसापेक्षिक भएर अहिले पनि प्रकट भएको छ। ख्रीष्टको क्रुस त्यो थलो थियो जहाँ दया अर्थात् करुणा र सत्यको मिलन भएको थियो ,परमेश्वरको धार्मिकता वा धर्म र शान्तिले एक आपसमा म्वाइ खाएका थिए। क्रुसमात्र त्यो तत्व हो जसले सारा संसारलाई ख्रीष्टतिर परिचालन गर्दछ।"-एलेन जी ह्वाइट टिप्पणी ,द एसडिए कमेन्टरी ,ठेली ६ ,पृ. १११३।

## चिन्तनमननः

**क) जुन रूपमा पावलले परमेश्वरको अनुग्रहलाई समावेश गरेर गलातीको पुस्तकलाई सुरू र अन्त्य गरेका थिए त्यसलाई किन महत्त्वपूर्ण मान्नुपर्दछ ? गलाती १:३ र गलाती ६:१८लाई तुलना गरेर हेर्नुहोस्।**

**ख) पावलले आफूलाई "संसारको निम्ति क्रुसमा टाँगिएको छु "भन्नुभएको थियो। यो अभिमतलाई ध्यानमा राखेर वर्तमान परिप्रेक्ष्यमा येशूभक्तहरूले संसारप्रति कस्तो दृष्टिकोण राख्नु पर्दछ ?विश्वमा वातावरण ,जातजातिको बीचमा**

**भइरहेको वैमनष्यता ,भ्रुणहत्या जस्ता जल्दोबल्दो बिषयबस्तुहरूको मामिलाप्रति येशूभक्तको चासो कस्तो हुनुपर्दछ?**
**ग) पावलले उल्लेख गरेको नयाँ सृष्टि वा नव जीवनलाई कसैले कसरी अनुभव गर्ने र साथै आफूमा आमूल परिवर्तन भएको छ भनेर अरूलाई पनि प्रत्याभूति दिने?**
**घ. यस बाइबल अध्ययन पुस्तकमा तपाईंले जे सिक्नुभयो त्यसलाई ध्यानमा राखेर पावलका देहाय विषयवस्तुहरूको सारांश कसरी कोर्नुहुन्छ ?दश आज्ञासहितको व्यवस्था ,व्यवस्थाको काम ,विश्वासद्वारा निर्दोष ठहरिने प्रक्रिया , नयाँ र पुरानो करार ,ख्रीष्टको काम र जीवित इसाई जीवन?**

**सारांशः**

सत्य धर्म बाहिरी संस्कारबाट होइन तर हृदयबाट सुरु हुन्छ। जब मानिसले आफ्नो हृदयलाई परमेश्वरमा अर्पण गर्दछ तब उसको जीवनले ख्रीष्टको चरित्र प्रदर्शन गर्दछ ,अनि विश्वासमा बढदै जानेछ। मानवहृदय ख्रीष्टमा समर्पण गर्नु अत्यन्त जरुरी छ। जब यो हुन्छ तब अरू सबै त्यसको पछि लाग्नेछ।